जिल्ला प्रशासन कार्यालय, काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२५/४९(हातहतियार)

दर्ता मिति :– २०७०/०४/११

मुद्दा :– **हातहतियार खरखजाना**।

निर्णय नं.२३१३, मिति :– २०७१/११/२९

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**.........१ | बहादुर थापामगरको छोरा जि. रामेछाप, टोकरपुर गा.वि.स.वडा नं.८ बस्ने वर्ष ३० को कुलदिप थापा................................... १ |
| निजको प्रमाण...×.... | रामबहादुर राईको छोरा जि. नुवाकोट,गणेस्थान गा.वि.स.,वडा नं.४ बस्ने वर्ष २८ को आशिष राई भन्ने रामकुमार राई.......... १ |
| | **निजहरुको प्रमाण** |
| | साक्षीहरुः ज्ञानबहादुर थापामगर, गोविन्द राई |
| | कागज ....×... |

**यस कार्यालयबाट बुझेको प्रमाण**...×....

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०७०।३।२१ गते २१.३० बजेको समयमा का.जि.,का.म.न.पा.वडा नं. १, दरबारमार्ग स्थित मनकामना बैंक अगाडी सडक किनारबाट प्रतिवादी आशिष राई र कुलदिप थापामगर समेतका जना दुई संगसंगै रहेको अवस्थामा प्रतिवादी आशिष राईको सँगसाथबाट MFS 989X19 लेखिएको गोली थान-२ र अर्का कुलदिप थापामगरको सँग साथबाट MFS 949X19 लेखिएको गोली थान २, 253 MAUSER लेखिएको गोली थान १, 9MM2Z96KF लेखिएको गोली थान १ कालो रंगको प्लाष्टिकको बन्दुक थान १, तरल जस्तो देखिने MANOLL लेखिएको सिसि थान १, HYDROGEN PEROXIDE SOLUTION लेखिएको सिसि थान १, लगायतका सरसामानहरु फेला पारी वरामद

गरी उल्लेखित जना दुईलाई पक्राउ गरी कारवाहीका लागि दाखिला गरिएको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२. म संगै पक्राउमा परेका आशिष राई भन्ने रामकुमार राईसंग बिगत ५ बर्ष देखि ने.क.पा माओवादी पार्टीको पि एल ए सेनामा रहदा देखि नै चिनजान परिचय थियो, सोही बेला पि एल ए सेनामा रहदा वरामदी मुचुल्कामा उल्लेखित गोलीहरु मैले ल्याई राखेको थिएँ, उक्त वरामदी गोलीहरु सहित म र निज रामकुमार राई समेत प्रहरीद्धारा पक्राउमा परी आएका हो भन्ने समेत व्यहोराको प्रतिवादी कुलदीप थापामगरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. म संगै पक्राउमा परेका कुलदिप थापा मगर र मेरो बीच २०६३ साल देखि चिनजान भएको हो, निज कुलदिप थापामगर द्धन्द्धकालमा ने.क.पा.माओवादीमा रहेका थिए निज कुलदिप थापामगरले माओवादीमा रहँदा मेडिकल लाइन तिर काम गर्ने गरेका र म २०६३ सालमा जनमुक्ति सेनामा गई बिरामी हुदा निज कुलदिप थापामगर संग भेटघाट हुन्थ्यो, यसै क्रममा निज र मेरो मिति २०७०।३।२१ गतेका दिन भेट भई संगसंगै रहदाको अवस्थामा निज कुलदिप थापामगर र मलाई वरामदी मुचुल्कामा उल्लेखित गोलीहरु लगायतका सरसामानहरु सहित प्रहरीले पक्राउ गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी आशिष राई भन्ने रामकुमार राईले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. मिति २०७०।३।२१ गते २१.३० बजेको समयमा का.जि.,का.म.न.पा.वडा नं. १, दरबारमार्ग स्थित मनकामना बैंक अगाडी सडक किनारबाट प्रतिवादी आशिष राईको संगसाथबाट MFS 989X19 लेखिएको गोली थान २ र प्रतिवादी कुलदिप थापामगरको सगसाथबाट MFS 949X19 लेखिएको गोली थान २ , 253 MAUSER लेखिएको गोली थान १, 9MM2Z96KF लेखिएको गोली थान १ कालो रंगको प्लाष्टिकको बन्दुक थान १, तरल जस्तो देखिने MANOLL लेखिएको सिसि थान १, HYDROGEN PEROXIDE SOLUTION लेखिएको सिसि थान १ लगायतका सरसामानहरु वरामद भएकोमा परीक्षणको लागी केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाइएको पत्र ।

५. मिति २०७०।३।२१ गते २१.३० बजेको समयमा का.जि.,का.म.न.पा.वडा नं. १, दरबारमार्ग स्थित मनकामना बैंक अगाडी सडक किनारबाट प्रतिवादी आशिष राईको संगसाथबाट MFS 989X19 लेखिएको गोली थान २ र प्रतिवादी कुलदिप थापामगरको संगसाथबाट MFS 949X19 लेखिएको गोली थान २ , 253 MAUSER लेखिएको गोली थान १, 9MM2Z96KF लेखिएको गोली थान १ कालो रंगको प्लाष्टिकको बन्दुक थान १, तरल जस्तो देखिने MANOLL लेखिएको सिसि थान १, HYDROGEN PEROXIDE SOLUTION लेखिएको सिसि थान १ लगायतका सरसामानहरु वरामद भई उल्लेखित प्रतिवादीहरु पक्राउमा परी आएको कुरा सुनि थाहा पाएको हु भन्ने व्यहोराको बुझिएका मानिस सागर थापाले गरेको कागज ।

६. मिसिल संलग्न रहेका खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादी कुल दिप थापामगर, आशिष राई भन्ने रामकुमार राई समेतले गरेको वयान, बुझिएका मानिस समेतले गरी दिएको कागज समेतको दशी प्रमाणहरुको आधारवाट मिति २०७०।३।२१ गते २१.३० बजेको समयमा का.जि.,का.म.न.पा.वडा नं. १, दरबारमार्ग स्थित मनकामना बैंक अगाडी सडक किनारबाट प्रतिवादी आशिष राईको संगसाथबाट MFS 989X19 लेखिएको गोली थान २ र प्रतिवादी कुलदिप थापामगरको संगसाथबाट MFS 949X19 लेखिएको गोली थान २, 253 MAUSER लेखिएको गोली थान १, 9MM2Z96KF लेखिएको गोली थान १ कालो रंगको प्लाष्टिकको बन्दुक थान १, तरल जस्तो देखिने MANOLL लेखिएको सिसि थान १, HYDROGEN PEROXIDE SOLUTION लेखिएको सिसि थान १ लगायतका सरसामानहरु वरामद भई उल्लेखित प्रतिवादीहरु पक्राउ परी आएको हुदा प्रतिवादीहरुले हातहतियार खरखजाना गोलीहरु साथमा राख्ने,

ओसार पसार गर्ने तथा खरीद विक्री वितरण गर्ने अनुमति नभएको पुष्टि भई निज प्रतिवादीहरु कुलदिप थापामगर र आशिष राई भन्ने रामकुमार राई समेतले हातहतियार खरखजना ऐन, २०१९ लाई संशोधन गर्न वनेको ऐन २०६४ को दफा ३(२) र ४(२) विपरीतको कसूर अपराध गरेको हुदा निज प्रतिवादीहरु कुलदिप थापामगर र आशिष राई भन्ने रामकुमार राईलाई सोही ऐनको दफा २०(३) वमोजिम सजाय गरी प्रतिबादीहरु कुलदिप थापामगर र आशिष राई भन्ने रामकुमार राई समेतको साथबाट वरामद भएका वरामदी मुचुल्कामा उल्लेखित गोलीहरु समेत ऐ.ऐन को दफा १६ वमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

७. म तत्काल माओवादी जनमुक्ती सेनामा भएको, बुढापाकाले बच्चालाई घाँटीमा लगाई दिँदा राम्रो हुन्छ भनेको सुनेर बन्दुकको गोलीहरु आफ्नो साथमा राख्ने गरेको थिएँ, अरु त्यस्तो कारण केही थिएन । मैले अनुसन्धानका क्रममा गरेको वयान ठीकै छ, सो मा भएको दस्तखत मेरै हो । गोलीको कारण मैले त्यस्तो कुनै गैह्रकानूनी काम गरेको छैन, म सँग गोली फिट हुने हतियार समेत छैन, अभियोग दावी अनुसार सजाँय हुनु पर्ने होइन, म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी आशिष राई भन्ने रामकुमार राईले यस कार्यालयमा गरेको वयान ।

८. मिति २०७०।३।२१ को मुचुल्काको दस्तखत मेरो हो, म बाट ४ राउण्ड गोली वरामद भएको हो, माओवादी युद्धकालमा स्वतन्त्र विभाग तर्फ कार्यरत थिएँ, बच्चालाई माला लगाई दिन काम लाग्छ भनेर आफ्नो साथमा राखेको थिएँ, प्लास्टिकको पेस्तोल भनिएको सामान बच्चाको खेलौना हो, मैले छोराको लागि किनी दिएको हुँ, म्यानोलको सिसीमात्र हो, त्यसमा स्प्रिड राख्ने गरेको थिएँ, त्यस्तै हाइड्रोजन पारो अक्साइड घाउ सफा गर्ने काममा प्रयोग हुने भएकोले राखेको हुँ, उक्त गोली राख्नुमा मेरो कुनै वदनियत नभएको र गोली प्रयोग गर्नको लागि मसँग हतियार पनि छैन । त्यसैले मलाई अभियोग दावी अनुसार सजाँय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी कुलदिप थापामगरले यस कार्यालयमा गरेको वयान ।

९. प्रतिवादी कुलदिप थापामगरबाट ४ थान र प्रतिवादी आशिष राई भन्ने रामकुमार राईसाँबाट २ थान बन्दुकको गोली वरामद भएको र प्रतिवादीहरुले उक्त गोली आफुसँग राख्नुमा कुनै वदनियत नभएको भनी वयान गरेता पनि वरामदी मुचुल्काको व्यहोरालाई समर्थन हुने गरी आफ्नो व्यहोरा लेखाई दिएकाले यी प्रतिवादीहरुले अभियोग-पत्रको मागदावी अनुसार हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) को कसूर गरेका होइनन् भन्न सक्ने अवस्था तत्काल नदेखिएकाले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिवादीहरुबाट अ.वं.११८(५) बमोजिम जनही रु ८७,०००।- ( सतासी हजार ) नगदै वा सो वरावरको जेथा धरौट माँग गर्नु, सो दिए तारेखमा राखी नदिए कानून बमोजिम थुनामा राखी कारवाही गर्नू भन्ने समेतको यस कार्यालयको मिति २०७०।४।१३ को आदेश ।

१०. ५ थान गोलीहरु जिवीत (Live ) रहेको र ९ एम एम को क्यालिवर पेस्तोल/एसएमजी मा फिट हुने भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदनमा खुली आएको ।

११. कुलदीप थापामगर जनयुद्धको समयमा ने.क.पा.माओवादीको स्वस्थ्य विभागमा कामकाज गर्ने व्यक्ति हुनु हुन्छ । उहा हाल र सो भन्दा अगाडि पनि गाउँ घरमा घाउ चोटपटक उपचार गर्ने गर्नु हुन्थ्यो र छ । निजको साथबाट वरामद भएका गोली एवं अन्य सामानहरु निजले कुनै आपराधिक कामको लागि राखेको होइन, उहा आपराधिक क्रियाकलाप गर्ने मानिस पनि होइनन् भन्ने समेत व्यहोराको प्रतिवादी कुलदीप थापामगरका साक्षी ज्ञानबहादुर थापामगरले यस कार्यालयमा गरेको वकपत्र ।

१२. प्रतिवादी आशिष राई भन्ने रामकुमार राई र म सँगैका साथी हौं । पछि निज जनयुद्धमा माओवादी सेनामा लाग्नु भएको हो । निज साथमा हतियार एवं गोली बोकेर आपराधिक कामकाज गर्ने खालको मानिस होइन । निजको साथबाट वरामद भएका गोलीहरु बुढापाकाले भने अनुसार घरमा बालबच्चालाई माला वनाएर लगाई दिदा राम्रो हुन्छ भनी निजले घरमा राखेको हुनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी आशिष राई भन्ने रामकुमार राईका साक्षी गोविन्द राईले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

१३. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।०३।२१ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. १ दरवारमार्ग स्थीत मनकामना बैंक अगाडि प्रतिवादी कुलदीप थापामगरको साथबाट गोली राउण्ड २ र अर्का प्रतिवादी आशिष राईको साथबाट गोली राउण्ड २ समेत वरामद भएकाले प्रतिवादीहरु कुलदीप थापामगर र अशिष राईलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) र ४(२) बमोजिमको कसूर अपराधमा ऐ. दफा २०(३) बमोजिम सजाँय गरी वरामद खरखजाना ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१४. यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१५. प्रतिवादीहरुका तर्फबाट उपस्थित विद्धान अधिवक्ता कपिल चन्द्र पोखरेलले गर्नु भएको वहस जिकिर सुनी मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।०३।२१ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. १ दरवारमार्ग स्थीत मनकामना बैंक अगाडि प्रतिवादी कुलदीप थापामगरको साथबाट गोली राउण्ड २ र अर्का प्रतिवादी आशिष राईको साथबाट गोली राउण्ड ३ समेतका वरामद भएको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो मुचुल्काको रोहवरमा यी दुवै प्रतिवादीहरुले सहीछाप गरेको देखियो ।

१६. अनुसन्धानका क्रममा प्रतिवादी कुलदीप थापामगरले आफुसँगै पक्राउ परेका आशिष भन्ने रामकुमार राईसँग ५ वर्ष अगाडि देखी माओवादी सेनामा रहदा चिनजान भएको, वरामद भई आएको गोली आफुले माओवादी सेनामा रहँदा ल्याई राखेको भनी कसुर सम्बन्धी तथ्यमा सावित रही वयान गरेका र यस कार्यालयमा सोही व्यहोरालाई समर्थन गरी वयान गरेको देखियो ।

१७. अर्का प्रतिवादी आशिष राई भन्ने रामकुमार राईले कुलदीप थापामगरसँग २०६३ साल देखी चिनजान रहेको, गोलीहरु आफु माओवादी जनमुक्ति सेनामा रहदा ल्याई सँगै राखेको र वरामद गोली सहित दुवै जना पक्राउ परेको भनी वयान गरी यस कार्यालय समक्षको वयानमा प्रतिवादी कुलदीप थापामगरको वयान सँग मिल्ने व्यहोराको वयान गरेका रहेछन् ।

१८. वरामद भएको चिजवस्तु जिवित (Live ) गोली रहेको र ९ एम एम को क्यालिवर पेस्तोल/एसएमजी मा फिट हुने भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदन रहेबाट उक्त

चिजवस्तु खरखजाना भएको तथ्य स्पष्ट हुन आयो । विवेचना गरिएका अन्य कागज प्रमाणहरुका आधारमा मिति २०७०।०३।२१ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. १ दरवारमार्ग स्थित मनकामना बैंक अगाडि प्रतिवादीहरु कुलदिप थापा मगरको साथबाट विना लाइसेन्सका पेस्तोलको गोली राउण्ड -२ र आशिष भन्ने रामकुमार राईको साथबाट पेस्तोलको गोली राउण्ड -३ वरामद भएको तथ्यमा पनि कुनै विवाद रहेन ।

१९. **कानुनले प्रतिवन्धित चिज वा वस्तु कसैको साथबाट वा वासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर समेत प्रतिपादन भएको छ (निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) । त्यसै गरी *प्रचलित नेपाल कानून बमोजिम सजायमा कमी वा छूट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकीर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने* व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २७ मा गरिएको छ । यस मुद्दामा प्रतिवादीहरुले आफ्नो सँगसाथबाट खरखजाना वरामद भएको तथ्यमा सावित रहेका छन् । यद्यपि गोली कुनै खराब नियतले साथमा नराखेको वा उक्त गोलीहरु कहिंकतै आपराधिक कार्यमा प्रयोग नगरेको भनी प्रतिवादीहरुले लिएको जिकिरमात्र निर्दोषिताका लागि आधार बन्न सक्दैन । कानुनले प्रतिवन्ध गरेको चिज वस्तु कुनै माध्यमबाट आफ्नो सँग साथमा रहन आएमा आधिकारिक सरकारी निकायलाइ बुझाउनु वा सुचना दिनु पर्नेमा प्रतिवादीहरुले त्यस्तो नगरी जानाजान आफुसँग राखेको देखियो । प्रतिवादीका साक्षीहरु गोविन्द राई र ज्ञानबहादुर थापामगरले यस कार्यालयमा उपस्थित भई गरेको वकपत्रमा प्रतिवादीहरु आपराधिक काम गर्ने व्यक्तिहरु होइनन, वरामद गोलीहरु घरमा बच्चाहरुलाई माला लगाई दिदा राम्रो हुन्छ भनी राखेको हुनु पर्छ भनी गरेको अनुमानमा आधारित वकपत्रले प्रमाणिक महत्व राख्न सक्दैन ।

२०. तसर्थ माथि विवेचित खानतलासी वरामदी मुचुल्का, हतियार खरखजाना परीक्षण प्रतिवेदन, प्रतिवादीहरुको तथ्यमा सावित रही गरेको वयान समेतका मिसिल संलग्न कागजातहरुका आधारमा प्रतिवादीहरु कुलदीप थापा मगर र आशिष भन्ने रामकुमार राईले विना इजाजत खरखजाना ( गोलीहरु) आफुसँग राखी तथा ल्याउने लैजाने गरी हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) र ४(२) विपरितको कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा निजहरुको कसूर पहिलो पटक भएको, वरामद भएको गोलीहरुको परिमाण न्युन रहेको र अन्य आपराधिक कृयाकलापमा प्रयोग भएको नदेखिएकोले निजहरुलाई कैदको सजाय गर्दा चर्को पर्न जाने र जरिवानाको मात्र सजाँय गर्दा पनि न्यायको उद्देश्य पुरा हुने भएकोले निजहरुलाई ऐ.दफा २०(३) बमोजिम जनही रु २५,०००।- ( पच्चिस हजार रुपैयाँ ) जरिवाना हुन्छ । वरामद भई आएको गोली राउण्ड-५ ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादीहरु आशिष राई भन्ने रामकुमार राई र कुलदिप थापामगर के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही २५,०००।- ( पच्चिस हजार रुपैयाँ ) जरिवाना हुने ठहरेकोले ठहरेको जरिवाना निजहरुले मिति २०७०।४।१३ मा राखेको धरौटी रकम रु

८७,०००।- बाट असुल गर्नु र बाँकी रकम फिर्ता पाउन ऐनका म्याद भित्र प्रतिवादीहरुका तर्फबाट निवेदन परेमा नियमानुसार फिर्ता दिनू...................................................१

- वरामद गोली राउण्ड-५ जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी वृत्तमा लेखि पठाउनु.............................................२
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु आशिष राई भन्ने रामकुमार राई र कुलदिप थापामगरलाई पुनरावेदन म्याद दिनू...................................................................३
- जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .......४
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू....................................................................................................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ......................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

...................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

इति सम्वत् २०७१ साल फाल्गुण २९ गते रोज १ शुभम् .......................